# खिम्ती-ढल्केवर २२० के.भी. प्रसारण लाईन आयोजना
# उत्पीडित समुदाय विकास योजना
# कार्यकारी सारांश

## १. परिचय

नेपाल बिद्युत प्राधिकरणद्वारा खिम्ती-ढल्केवर २२० के.भी. प्रसारण लाईन आयोजनाको प्रस्ताव गरिएको छ । यस आयोजना मार्फत माथिल्लो तामाकोशी लगायत यस क्षेत्रमा रहेका अन्य आयोजनाहरुबाट उत्पादित शक्ति प्रसारण गरिने छ । प्रस्तावित आयोजना विश्व बैंकको सहयोगमा निर्माण हुने भएकोले दातृ संस्थाको निर्देशन बमोजिम यो उत्पीडित समुदाय विकास योजना वातावरण तथा सामाजिक अध्ययन विभागद्वारा तयार पारिएको छ । यो प्रतिवेदन आयोजनाको लागि तयार गरिएमा अन्य प्रतिवेदनहरुको अन्तिम अंग हुनेछ ।

## २. आयोजनाको परिचय

यो आयोजना दोलखा जिल्लाको किर्नेटार गाँउबाट शुरु भै रामेछाप, सिन्धुली, महोत्तरीका विभिन्न गा.बि.स.हरु पार गर्दै धनुषा जिल्लाको ढल्केवरमा रहेको विद्यमान सबस्टेशनमा आई टुंगिने छ । यस प्रसारण लाईनको कुल लम्वाई ७३ कि.मी. हुनेछ तथा यसले माथि उल्लेखित ५ जिल्लाको विभिन्न १६ गा.बि.स तथा एउटा नगरपालिका भएर जानेछ । यस अध्ययन प्रतिवेदनले मुख्यतः रामेछाप, सिन्धुली तथा धनुषा जिल्लाको प्रसारण लाईन खण्ड समावेश गरिएको छ । यस आयोजनाबाट प्रभावित हुने दोलखा तथा महोत्तरी जिल्लाबाट सरकारी जग्गा तथा वन क्षेत्र मात्र प्रभावित हुने भएकोले यस अध्ययनमा समावेश गरिएको छैन । यस आयोजनाको अधिकार क्षेत्र प्रसारण लाईनको रेखांकनको १५ मी. दायाँ तथा १५ मी. बायाँ गरी कुल ३० मी.को हुनेछ । यस अन्तर्गत निर्माण गरिने टावरले १२.५ x १२.५ मी. क्षेत्रफल ओगट्ने छ । यस प्रतिवेदनको अध्ययन क्षेत्र निर्धारण गर्दा ३० मी. अधिकार क्षेत्र, सबस्टेशन क्षेत्र तथा आयोजना निर्माण र संचालन को समयमा प्रभाव पर्ने अन्य क्षेत्रलाई लिईएको छ ।

## ३. अध्ययन विधि

आयोजनाको लागि तयार पारिएको प्राविधिक, वातावरणीय, सामाजिक तथा अन्य आवश्यक तथ्याङ्क प्रतिवेदनहरको पुनरावलोकन, स्थलगत अध्ययन, घरधुरी सर्भेक्षण, सम्बन्धित ब्यक्तिहरुसित अन्तरक्रिया, तथा समूहगत छलफलहरु गरिएका छन् । यस क्रममा घरधुरी सर्भेक्षण, प्रश्नावली तथा चेक लिष्टहरु प्रयोग गरिएका छन् । त्यसै गरी यस अध्ययन अन्तर्गत सिन्धुली जिल्लाको कमलामाई नगरपालिका, रानीपुरी तथा भद्रकाली गा.बि.स.हरु र रामेछाप जिल्लाको भलुवाजोर तथा खिम्ती गा.वि.स. तथा धनुषा जिल्लाको तुल्सी गा.वि.स.मा समुहगत छलफलहरु गरिएका छन् । समूहगत छलफलको क्रममा बिभिन्न ठाँउहरुमा ६ देखि १२ ब्यक्तिहरु सहभागी थिए । यस अन्तर्गत प्रभावित परिवारहरु मध्य सीमान्तकृत परिवार, उत्पीडित परिवार तथा महिला घरमूली भएको परिवारहरुलाई समेत समावेश गरिएको छ ।

## ४. आधारभूत सामाजिक अवस्था

यस आयोजनाको लागि तयार पारिएको सामाजिक प्रभाव मूल्याङ्कन प्रतिवेदनले कूल प्रभाबित परिवारहरु मध्य ३९ घरधुरीलाई उत्पीडित परिवारको सूचिमा राखेको थियो । यस मध्य १५ घर धुरी रामेछाप जिल्लामा, १६ घर धुरी सिन्धुलीमा तथा ८ घर धुरी धनुषा जिल्लामा पर्दछ । उत्पीडित परिवारहरु सिन्धुली जिल्लाको भद्रकाली, रत्नचुरा, सिद्धेश्वर गा.वि.स.हरु र कमलामाई नगरपालिका, रामेछाप जिल्लाको भलुवाजोर र नागथली गा.बि.स.हरु तथा धनुषा जिल्लाको वेगाडावर गा.बि.स. मा छरिएर बसेका छन् । प्रभावित परिवारहरु मध्य कामी, दमाई, सार्कि, माम्फी तथा महिला घरमूली भएको घरधुरीहरुलाई उत्पीडित समुदाय अन्तर्गत बर्गीकृत गरिएको छ ।

सर्भेक्षण गरिएका २९ घरधुरीहरुको कूल परिवार संख्या २०० मध्ये १०६ पुरुष तथा ९४ महिला रहेका छन् । औषत परिवार संख्या ६.२५ छ । जुन प्रभावित परिवारको औषत परिवार संख्या भन्दा बढी छ । सर्भेक्षण गरिएका परिवारहरु मध्य ३० % जनसंख्या १५ बर्ष मूनी, ६० % आर्थिक रुपमा बलिया उमेर समुह (१५-६०) तथा ९% जनसंख्या ६० बर्ष भन्दा माथि उमेरका रहेका छन् । प्रभाबित परिवारहरुको औषत साक्षरता दर ५६ % रहेको छ । घरधुरी सर्भेक्षण अनुसार ३२.५ % परिवारहरुको मुख्य पेशा कृषि तथा पशुपालन छ भने सहायक पेशाहरुमा ज्यामी ९.१३ % तथा राजमिस्त्री ४.३२ % रहेको छ । प्रभावित परिवारहरुको औसत बार्षिक आय रु . २४,०००।- रहेको छ । आम्दानीको मुख्य श्रोत कृषि छ भने ज्याला मजदुरी, नोकरी, सिकर्मी, पशुपालन तथा अन्य श्रोतहरुबाट पनि आम्दानी भएको देखिन्छ । सर्भेक्षण अनुसार आम्दानीको ४९.८८ % रकम खाद्यान्नमा खर्च भएको देखिन्छ । खर्च हुने अन्य शिर्षकम लत्ता कपडा, औषधि, उर्जा तथा शिक्षामा क्रमशः १४.५३ %, ८.९५ %, ७.८० % तथा ६.७३% रहेको छ ।

## ५. प्रभाव मूल्याङ्कन

यस आयोजनाबाट कूल १७ वटा घर प्रभावित हुने अनुमान गरिएकोमा २ वटा घर उत्पीडित समुदायको पर्दछ । प्रभावित दुवै घर दुई तल्ले छन् । टावरको लागि अधिग्रहण गरिने जग्गाबाट कुल ६८ घरधुरी प्रभावित हुने देखिएकोमा ३९ घर धुरी उत्पीडित समुदायबाट पर्दछन् । वाली नाली क्षती, कार्यगत सुरक्षामा असर, स्वस्थ्य तथा सरसफाई तथा भूउपयोगमा पर्ने असर आयोजनाबाट प्रभावित अन्य परिवारहरु जस्तै उत्पीडित समुदायमा पनि पर्ने अनुमान गरिएको छ ।

## ६. आयोजनाबाट अपेक्षा

उत्पीडित परिवारहरु सित छलफल हुँदा शीपमूलक तालिमको कार्यान्वयन, साक्षरता कार्यक्रम, सामाजिक सचेतना, रोजगारीका अवसर, आयोजनावाट आयोजित विभिन्न अन्तरक्रियाहरुमा सहभागिता तथा कार्यक्रम कार्यान्वयनको समयमा सम्वन्धित समूदाय सित समन्वय तथा परिचालिनको अनुरोध गरिएको थियो । यसका साथ आधारभूत सेवा तथा संरचनाहरु जस्तै खानेपानी, विद्यालय कोटा तथा विद्युतीकरणमा सहयोगको अपेक्षा राखिएको थियो ।

## ७. प्रभाव न्यूनीकरण तथा प्रवर्धन कार्यक्रम

आयोजनावाट अधिग्रहण हुने घर तथा जग्गाको उचित क्षतिपूर्ति, शीपमूलक तालिम, सामाजिक सचेतना कार्यक्रम, स्वास्थ्य तथा सरसफाई सम्वन्धि सचेतना कार्यक्रम तथा रोजगारीमा प्राथमिकता जस्ता कार्यक्रमहरु आयोजनावाट पर्न सक्ने प्रभावलाई न्यूनीकरण गर्नको लागि प्रस्ताव गरिएका छन् । यस अन्तर्गत प्रस्ताव गरिएका अन्य कार्यक्रमहरुमा घर अधिग्रहणमा परेका परिवारहरु सित उचित समन्वय तथा सफाई तथा जनगुनासो सम्वोधन गर्नको लागि उचित संयन्त्रको व्यवस्था गर्नु रहेको छ ।

प्रवर्चानात्मक कार्यक्रम अन्तर्गत आधारभूत सेवा तथा संरचनाहरु जस्तै खानेपानी, विद्युतीकरण, विद्यालय तथा बाटो निर्माण तथा जीर्णोद्धारमा सहयोग गर्न प्रस्ताव गरिएको छ । प्रस्ताव गरिएका अन्य कार्यक्रमहरुमा पशुपालन तालिम तथा सहयोग, गैर काष्ठ वन पैदावार सम्वन्धी तालिम, पेशागत तालिम तथा आय आर्जनका कार्यहरुमा सहयोग रहेका छन् । यस कार्यक्रम अन्तर्गत स्थानीय निकायको क्षमता अभिवृद्धि कार्य पनि प्रस्ताव गरिएको ।

सामाजिम सांस्कृतिक कार्यक्रम अन्तर्गत स्थानीय विद्यालयलाई सहयोग कार्यक्रम, पाटी पौवा तथा चौतारी निर्माण/जीर्णोद्धार कार्यक्रम, सामाजिक विभेद तथा छुवाछुत सम्वन्धी कार्यक्रम तथा महिला स्वास्थ्य कर्मीहरुलाई स्वास्थ सम्वन्धी तालिम कार्यहरु प्रस्ताव गरिएका छन् । प्रस्तावित उत्पीडित समूदाय विकास कार्यक्रमको लागि रु. २० लाख लाग्ने अनुमान गरिएको छ ।

## ८. जन सहभागिता तथा कार्यान्वयन

उत्पीडित समूदाय विकास कार्यक्रम अन्तर्गत प्रस्ताव गरिएका कार्यक्रमहरु सम्वन्धित समूदाय, प्रभावित परिवार, गैर सहकारी संस्था तथा सम्वन्धित गा.वि.स. सित समन्वय गरी संचालन गरिनेछ । यस कार्यक्रममा स्थानीय सहभागिताको परिकल्पना गरिएको छ ।

प्रस्तावित प्रभाव न्यूनीकरणका कार्यक्रमहरु संचालन गर्ने प्रमुख दायित्व नेपाल विद्युत प्राधिकरणको हुनेछ । यस कार्यक्रम अन्तर्गत वातावरण तथा सामाजिक विभागको क्षमता अभिवृद्धि गर्ने कार्य पनि प्रस्ताव गरिएको छ ।

नेपाल विद्युत प्राधिकरण
प्रसारण लाइन तथा सवस्टेशन निर्माण विभाग

# खिम्ती-ढल्केवर २२० के.भी. प्रसारण लाईन आयोजना
# उत्पीडित समुदाय विकास योजना
# कार्यकारी सारांश

वातावरण तथा सामाजिक अध्ययन विभाग
ईन्जिनियरिङ्ग सेवा
अद्वैतमार्ग, काठमाडौ

२००६